नेरेसो

# रेडक्रस

समाचारप्रधान मासिक पत्रिका

वर्ष ५६, अंक २ | २०८१ असोज | Sept/Aug 2024


## बाढी पहिरो प्रभावित ३ हजार ८ सय १७ परिवारलाई राहत

काठमाडौं । असोजको ११ र १२ गते आएको अविरल वर्षाको कारण देशका १९ जिल्ला प्रभावित भएका छन् । वर्षाका कारण गएको बाढीपहिरोका कारण मोरङ, ओखलढुङ्गा, झापा, धनकुटा, पाँचथर, इलाम, दोलखा, चितवन, काठमाडौं, भक्तपुर, मकवानपुर, धादिङ, सुनसरी, रौतहट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, र ललितपुर जिल्ला प्रभावित हुनपुगेका छन् । ती मध्ये काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली र ललितपुर बढी प्रभावित भएका छन् ।

बाढी पहिरोमा परी हालसम्म १ सय ९२ जनाको मृत्यु भएको छ भने ५८





जना बेपत्ता भएका छन् । २ सय ७८ जना घाइते भएका छन् । बाढी पहिरोबाट प्रभावित जिल्लाहरूमा नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूले तत्काल खोज तथा उद्धारका साथै राहत कार्यमा सहयोग पुऱ्याएका छन् । नेपाल रेडक्रस सोसाइटीद्वारा हालसम्म एक हजार २ सय ७३ प्रभावित परिवारहरूलाई र ाहत सामग्री उपलब्ध गराइएको छ, जसमध्ये ४ सय ८२ परिवारलाई गैरखाद्य सामग्रीहरूको सेट उपलब्ध गराइएको छ ।

यस्तै प्रभावितहरूका लागि ७ सय ११ थान त्रिपाल, ८ सय २५ थान कम्बललगायतका सामग्री उपलब्ध गराइएको छ । खोज तथा उद्धार, तयारी खाद्यान्न र गैरखाद्य सामग्रीको वितरण, क्षतिको प्रारम्भिक लेखाजोखाका साथै मनोसामाजिक सहयोग र स्वास्थ्य तथा सरसफाइसम्बन्धी जनचेतनामूलक गतिविधिहरूमा नेरेसो केन्द्र र जिल्ला शाखाहरूबाट गरी ४ सय १० जना दक्ष स्वयंसेवकहरू परिचालन गरिएको छ ।

**यस वर्ष मनसुन शुरू भएयता आएका बाढी पहिरोका घटनाहरूबाट प्रभावित करिब ५ हजार जनालाई खोज तथा उद्धार, प्राथमिक उपचार, सुरक्षित स्थानमा स्थानान्तरण तथा खाद्यान्न वितरण गरिएको छ भने बाढी पहिरो प्रभावित जिल्लाहरुमा तत्काल् राहत वितरण गर्ने गरी नेरेसोका विभिन्न गोदामघर हरुबाट रू. ३ करोड १३ लाख ८० हजार बराबरको गैरखाद्य राहत सामग्रीहरु (कम्बल, त्रिपाल, म्याट्रेस आदि) जिल्ला शाखाहरुमा वितरणका लागि पठाई सकिएको छ ।**

**हालसम्म ३ हजार ८ सय १७ परिवारलाई रू.२ करोड २७ लाख बराबरको नगद र गैरखाद्य राहत सामग्रीहरु वितरण गरिसकिएको छ भने ८ सय ७४ जना स्वयंसेवक तथा कर्मचारीहरु खोज तथा उद्धार कार्यमा परिचालित भएका छन् ।**

## डेंगु रोकथामका लागि खोज र नष्ट अभियान सञ्चालन

असोज । नेपाल रेडक्रस सोसाइटीले डेंगु नियन्त्रणका लागि आवश्यक तयारी र प्रतिकार्य गतिविधिहरूका लागि ७ प्रदेश र ७७ जिल्लालाई परिपत्र जारी गरेको छ । प्रदेश र जिल्ला शाखाले सम्बन्धित स्थानीय निकायसँग नजिकको समन्वयमा डेंगु रोकथामका लागि सचेतना अभिवृद्धि, खोज र नष्ट अभियान सञ्चालन गरिरहेका छन् ।

डेंगु रोकथाम र नियन्त्रणका लागि सञ्चालन गरिएका १४४ वटा सचेतना कार्यक्रमबाट ८ हजार ५६ जना लाभान्वित भएका छन् । यस्तै ऱ्याली, हेल्थ डेस्क, समन्वय बैठक, विद्यालय स्वास्थ्य गोष्ठी, रेडियो जिङ्गल प्रसारणमार्फत् प्रत्यक्ष र अप्रत्यक्ष रूपमा २ लाख २८ हजार ८ सय २९ जना लाभाविन्त भएका छन् ।

नेपाल रेडक्रस सोसाइटीले अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ, डेनिस रेडक्रस, क्यानेडियन रेडक्रस र ब्रिटिश रेडक्रससँगको समन्वयमा डेंगु प्रतिकार्य अभियान सञ्चालन गरिरहेको छ ।

विशेष गरी गण्डकी प्रदेशका जिल्लाहरू गोरखा, स्याङ्जा, तनहुँ, पर्वत, कास्की, बाग्लुङ र गण्डकी तथा लुम्बिनी प्रदेशको पाल्पा जिल्लामा डेंगु रोकथाम र नियन्त्रण कार्यक्रम सञ्चालित छन् ।



# सम्पादकीय

## ज्येष्ठ नागरिकहरूको मर्यादा र सम्मान बढाऔं

हरेक वर्ष अक्टोबर १ तारिखलाई ज्येष्ठ नागरिक दिवसको रूपमा मनाइन्छ। यस वर्ष "सम्मानित बुढ्यौली, विश्वव्यापी रूपमा स्याहार तथा सहयोग पद्धतिको सबलीकरण" भन्ने नाराका साथ विश्वभर ३४औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइएको छ।

दिवसका अवसरमा नेपालमा पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह र ज्येष्ठ नागरिकका क्षेत्रमा क्रियाशील राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ लगायतका संघ संस्थाले ज्येष्ठ नागरिकको हक, हित र संरक्षणसम्बन्धी कार्यक्रमहरूको आयोजना गरेका छन्।

संयुक्त राष्ट्र संघको तथ्याङ्कअनुसार विश्वमा हाल करिब ७० करोड ज्येष्ठ नागरिक रहेका छन्। विक्रम सम्वत् २०६८ सालको जनगणनाअनुसार नेपालमा कुल जनसंख्याको ९ प्रतिशत अर्थात् २५ लाखभन्दा बढी ज्येष्ठ नागरिकहरू रहेका छन्। प्रत्येक १० बर्षमा गरिने गणनाको तथ्याङ्कअनुसार वृद्धवृद्धाहरूको संख्यामा बढोत्तरी भएको देखिएको छ।

ज्येष्ठ नागरिकले आफ्नो जीवनकालमा संगालेका ज्ञान, सीप र अनुभव नयाँ पुस्ताको लागि मार्गदर्शन मानिन्छ। तर पछिल्ला दिनहरूमा परिवार तथा समाजबाट नै वृद्धवृद्धाहरू अपहेलित हुने क्रम बढेको भन्दै सर्वत्र चासो र चिन्ता प्रकट हुन थालेको छ। संयुक्त घर-परिवार प्रणालीमा चलेको हाम्रो समाजमा एउटै घरमा परिवारका धेरै सदस्यहरू बस्ने र त्यहाँ ज्येष्ठ नागरिकहरूलाई उच्च सम्मान हुने गर्दछ। पछिल्ला दिनमा विकसित मुलुकको संस्कृति र मान्यताका प्रभावले नेपाली समाज र घरपरिवारमा पनि वयस्क सदस्यहरू परिवारबाटै अलग भई छुट्टै बस्न रुचाउन थालेपछि संयुक्त परिवार विखण्डित भई त्यहाँ रहेका ज्येष्ठ नागरिकहरूसमेत एक्लो हुन थालेका छन्।

यसै तथ्यलाई ध्यानमा राखी अन्तर्राष्ट्रिय रेडक्रस अभियानले पनि विश्व्यापी रूपमा ज्येष्ठ नागरिकहरूका सवालमा विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गरी सेवा पुऱ्याउँदै आएको छ। रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघले विश्वव्यापी रूपमा राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूमार्फत् ज्येष्ठ नागरिक जनसङ्ख्याहरूमा हुने जोखिमलाई सम्बोधन गर्ने खालका स्वास्थ्य र सामाजिक आवश्यकताका विविध कार्यक्रम एवं सेवाहरू सञ्चालनमा सहयोग र समर्थनमा गरी टेवा पुऱ्याउँदै आएको छ। सामुदायिक स्तरमा सञ्चालन गरिने यस्ता कार्यक्रमहरूले ज्येष्ठ नागरिकहरूलाई दीर्घ, स्वस्थ र अधिक सक्रिय जीवन बाँच्नको लागि मद्दत पुऱ्याएको छ। जसले गर्दा ज्येष्ठ नागरिकहरूको स्वस्थ बुढ्यौलीलाई बढावा दिन र उनीहरूको मर्यादाको सम्मान र रक्षा गर्न महत्वपूर्ण टेवा पुगेको देखिन्छ।

नेपालमा पनि नेपाल रेडक्रस सोसाइटीले ज्येष्ठ नागरिकका सवालहरूलाई सम्बोधन गर्न संस्थाको स्वास्थ्य नीतिमा समावेश गरी यसलाई एक महत्वपूर्ण कार्यक्रमको रूपमा अगाडि बढाउन निर्देशिका नै तयार गरेको छ। सोसाइटीले यसै निर्देशिका अनुरूप स्विस रेडक्रससँग सहकार्य गरेर भक्तपुरको चाँगुनारायण नगरपालिकासँग सम्झौता गरी ज्येष्ठ नागरिकसम्बन्धी एउटा नमूना कार्यक्रम शुरु गरेको छ यो आफैमा अत्यन्त महत्वपूर्ण छ।

यसैगरी, ज्येष्ठ नागरिकहरूको मर्यादा र सम्मान बढाउनको लागि, उहाँहरूको विश्वास आर्जनका साथै आवश्यकता र गोपनीयतालाई सम्मान गर्न र मानवताको रक्षाका लागि नेपाल रेडक्रस सोसाइटीका सबै निकाय एवं स्वयंसेवकहरूले आआफ्नो क्षेत्रबाट सक्दो योगदान पुऱ्याउनु अपरिहार्य देखिन्छ। जसले विश्वव्यापी र स्थानीय रूपमा ज्येष्ठ नागरिकहरूका लागि गरिने हेरचाह र सहयोगको समग्र प्रणालीको सुदृढीकरणका लागि महत्वपूर्ण सहयोग पुग्नेछ।

प्रधान सम्पादक : भूपतिलाल श्रेष्ठ
कार्यकारी सम्पादक : बिपुल न्यौपाने
सहायक सम्पादक : नरेन्द्र श्रेष्ठ

## सेवा प्रदान गर्दा स्वयंसेवकहरूले ध्यान दिनुपर्ने पक्षहरु :

- अरूलाई सेवा गर्दा आफ्ना व्यवहार, भावना तथा पूर्वाग्रहहरूबाट स्वयंसेवालाई प्रभावित बन्न दिनु हुँदैन ।
- सङ्कटाभिमुख मानिसहरूले विभिन्न अवस्थामा विवेकभन्दा भावनाबाट प्रेरित भई प्रतिक्रिया गर्न सक्छन् भन्ने कुराको जानकारी स्वयंसेवकमा हुनुपर्दछ ।
- आवश्यक नभएको सहायता विरलै ग्राह्य हुन्छ र कुनै व्यक्तिसँग यसलाई अस्वीकार गर्ने अधिकार हुन्छ भन्ने कुरा स्वयंसेवकले मनन् गर्नुपर्दछ ।
- मानिसहरूका आफ्ना समस्या जहाँ छन् र जसरी छन्, त्यसैलाई नै स्वयंसेवकले स्वीकार गर्नुपर्दछ ।
- सेवाग्राहीको समस्या बुझेको तथा यस सम्बन्धमा सहयोग गर्न चाहेको कुरामा सेवाग्राहीलाई स्पष्ट गराउन सक्ने खुबी स्वयंसेवकमा हुनुपर्दछ ।
- मानिसहरूको शारीरिक बनोट तथा मानसिक अवस्था, पारिवारिक पृष्ठभूमि, शैक्षिक योग्यता तथा जीवनका अनुभवहरू फरक-फरक हुन्छन् भन्ने कुराको जानकारी स्वयंसेवकलाई हुनुपर्दछ ।
- सबैको माया पाउने, सुरक्षित रहने, आर्जन गर्ने, कार्य सिद्ध गर्ने र समाजमा चिरपरिचित तथा मान्य हुनेजस्ता आधारभूत चाहनाहरू समान हुन्छन् भन्ने कुराको जानकारी स्वयंसेवकलाई हुनुपर्दछ ।
- प्रत्येक मानिसका आफना व्यक्तिगत आवश्यकताहरू हुन्छन् र उसले ती आवश्यकताहरू पूरा गर्न विभिन्न किसिमले प्रतिक्रिया गरिरहेको हुन्छ भन्ने कुराको जानकारी स्वयंसेवकलाई हुनुपर्दछ ।
- मानिसहरू आफ्नो जीवनलाई आफै नियन्त्रण गर्न चाहन्छन् र आफैं निर्णय गर्न चाहन्छन् भन्ने कुरा स्वयंसेवकले मनन् गर्नुपर्दछ ।
- स्वयंसेवकले काम गर्दा सुरक्षा नियमावलीको जानकारी लिई त्यसको ख्याल गर्नुपर्दछ ।

*(नेरेसोको स्वयंसेवक डायरी पुस्तिकाबाट साभार गरिएको सामग्री)*

## डेंगुबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेगु लाग्न सक्दछ।

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं । सुत्ने बेलामा झुल लगाएर मात्र सुतौं ।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी टयाङ्की,फूलदानी गमलामा राखिएको प्लेटहरू सफा गरौं ।

- *"बूढो मानिस मर्दा एउटा पुस्तकालय जल्छ" -अफ्रिकी उखान*

# एकीकृत क्षमता अभिबृद्धि कार्यशाला सम्पन्न






असोज ९ गते । नेपाल रेडक्रस सोसाइटी मानवीय मूल्य तथा सञ्चार विभागको आयोजना र रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) को सहयोग र समन्वयमा एकीकृत क्षमता अभिबृद्धि सम्बन्धी तीन दिने कार्यशाला काठमाडौंमा सम्पन्न भएको छ ।

कार्यशालाको नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा.सुदर्शनप्रसाद नेपालले उद्घाटन गर्नुभएको थियो । सो अवसरमा कार्यशालाको विषयवस्तुमाथि प्रकाश पार्दै अध्यक्ष प्रा. नेपालले एकीकृत क्षमता अभिवृद्धि कार्यशालाले कर्मचारी र संस्थाको क्षमता अभिवृद्धिमा मद्दत पुग्ने बताउनुभयो ।

सोही अवसरमा आईसीआरसीका नेपाल प्रमुख सन्देश श्रेष्ठले कार्याशालाको उद्देश्यमाथि प्रकाश पार्दै कार्यशालामा प्रोजेक्ट साइकल म्यानेजमेण्ट, सुरक्षित पहुँच, सेभिल सम्झौता र मानवीय कूटनीतिसँग सम्बन्धित विषयहरूमा छलफल र अन्तर्क्रिया गरिने बताउनुभयो । उहाँले आईसीआरसी नेपाल रेडक्रस सोसाइटीको क्षमता अभिवृद्धिका लागि सहकार्य गरी अगाडि बढ्न सदैव तत्पर रहेको पनि बताउनुभयो ।

मानवीय मूल्य तथा सञ्चार विभागका निर्देशक बिपुल न्यौपानेले कार्यशालाबाट प्राप्त सिकाईहरूले रेडक्रसका गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गर्न मद्दत पुग्ने बताउनुभयो ।

उक्त कार्यशालामा काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला शाखाका स्वयंसेवकहरू र केन्द्रीय कार्यालयका विभिन्न विभागका कर्मचारीहरू गरी जम्मा २३ जनाको सहभागिता रहेको थियो । कार्यशालामा आईसीआरसीको दिल्लीस्थित कार्यालयका कोओपरेशन कोअर्डिनेटर डा. पाराग बोरकार (Dr. Parag Borkar) र जोन जर्ज (Jonn George) ले सहजीकरण गर्नुभएको थियो ।

कार्यशालाको अन्तिम दिन नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले सहभागीहरूलाई प्रमाणपत्र वितरण गरी कार्यक्रमको समापन गर्नुभएको थियो ।




ICRC

**पारिवारिक सम्पर्कको पुनःस्थापना सेवा सञ्जालको प्रयोग गरी आईसीआरसी तथा विश्वका १८१ भन्दा बढी देशका राष्ट्रिय सोसाइटीले सशस्त्र संघर्ष, हिंसा, प्राकृतिक वा मानवजन्य विपद् र बसाइसराई वा आप्रवासनका कारण परिवारसँग सम्पर्क विच्छेद भएका वा छुट्टिएका व्यक्तिका परिवारसँग पारिवारिक सम्पर्क पुनःस्थापना सेवा प्रदान गर्दछन् ।**

# नेरेसोको आठौं विकास योजना र राष्ट्रिय सोसाइटी विकास योजनाको समीक्षा कार्यशाला सम्पन्न



नेपाल रेडक्रस सोसाइटीको आठौं विकास योजना (२०२१-२५) र राष्ट्रिय सोसाइटी विकास योजना (२०२०-२५) **को** समीक्षासम्बन्धी दुई दिने कार्यशाला असोज ११ गते सोसाइटीको राष्ट्रिय तालिम केन्द्र बनेपा काभ्रेमा सम्पन्न भएको छ ।

कार्यशालामा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू, सात प्रदेशका अध्यक्ष, सोसाइटीका कार्यकारी निर्देशक, उपकार्यकारी निर्देशक र विभिन्न विभागका निर्देशक तथा विभागीय प्रमुखहरू, रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र साझेदार राष्ट्रिय सोसाइटीका प्रमुख एवं प्रतिनिधिहरू गरी ४५ जनाको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा बोल्दै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले यस कार्यशालामा हुने छलफल र अन्तरर्क्रियाबाट संस्थाको विगत र वर्तमानको समीक्षाका साथै भविष्यमा गरिने गतिविधिहरूको प्रभावकारी योजना गर्न र संस्थाको रुपान्तरणमा सहयोग पुग्ने बताउनुभयो ।

कार्यशालाको उद्देश्यमाथि प्रकाश पार्दै नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले नेरेसोको आठौं विकास योजना र राष्ट्रिय सोसाइटी विकास योजनाहरूका बारेमा जानकारी दिँदै यसबाट प्राप्त उपलब्धि, समस्या र चुनौतीहरूको बारेमा समीक्षा गर्ने र आगामी गतिविधिहरूको योजनाका बारेमा बृहत् छलफल गर्ने उद्देश्यले कार्यशालाको आयोजना गरिएको बताउनुभयो । सोही क्रममा उहाँले विकास योजना र राष्ट्रिय सोसाइटी विकास योजना एक आपसमा सम्बन्धित रहेको बताउँदै राष्ट्रिय सोसाइटी विकास योजनाले संस्था, नेतृत्वको क्षमता अभिबृद्धि र सुधार गर्न सहयोग पुग्ने बताउनुभयो ।

कार्यशालामा नेपाल रेडक्रस सोसाइटीको राष्ट्रिय सोसाइटी विकास योजना कार्यक्रमका संयोजक रुद्र अधिकारीले सोसाइटीको आठौं विकास योजना र राष्ट्रिय सोसाइटी विकास योजनाको प्रगति समीक्षाका बारेमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यशालामा नेरेसो विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठ र परामर्शदाता रजनीश ओझाले नेपाल रेडक्रस सोसाइटीका विद्यमान विपद् व्यवस्थापनका क्षेत्रमा भएका विभिन्न नीति, निर्देशिकाहरूको समीक्षात्मक प्रस्तुति गर्नुभएको थियो ।

प्रस्तुति पश्चात आठौं विकास योजना कार्यान्वयनमा देखिएका समस्या र चुनौतीका साथै आगामी योजनाहरूमा समावेश र सम्बोधन गर्नुपर्ने विभिन्न विषयहरूमा सहभागीहरूले आआफ्नो धारणा प्रस्तुत गर्नुका साथै विकास योजनाको क्षेत्रगत समूहगत अभ्यास गराइएको थियो ।

राष्ट्रिय सोसाइटी विकास योजना (NSD) र आठौं विकास योजनाको के के नतिजाहरु हाँसिल भए र के कस्ता अवसरहरू प्राप्त भएका थिए र के कस्ता चुनौतीहरु सामना गर्नु पऱ्यो । साथै राष्ट्रिय सोसाइटी विकास योजना (NSD) र आठौं विकास योजनाको बाँकी अवधिको योजनाको निर्माण गर्दा कुनकुन क्षेत्र तथा कार्यहरुलाई निरन्तरता दिन र



कुनकुन प्राथमिकतालाई हटाउन वा नयाँ थप गर्नुपर्ने देखिन्छ ? भन्ने विषयहरुमा चार वटा समूहमा छलफल र समूह अभ्यास प्रस्तुतीकरण गरिएको थियो । नेरेसोको सान्दर्भिक रुपान्तरण र स्रोत परिचालन, स्रोत व्यवस्थापन र मानवीय स्रोत परिचालन, विपद् एवं संकट व्यवस्थापन, युवा परिचालन र सञ्चार, राष्टिय सोसाइटी विकासका समग्र विषयमा सुझाव/मानवदावादी सिद्धान्त एवं मूल्य मान्यता अन्तर्राष्टिय कानुन, परामर्श र मानवीय कुटनीति लगायतका विषयहरुमा भएका समूहगत छलफलबाट प्राप्त निष्कर्षको प्रस्तुतीकरण गरिएको थियो ।

IFRC
Giving blood is a life-saving act of solidarity. Join the effort and save lives.
रक्तदान जीवन बचाउने ऐक्यवद्धताको कार्य हो । यस अभियानमा सामेल हुनुहोस् र जीवन बचाउनुहोस् ।
नेपाल रेडक्रस सोसाइटी

## विपद् व्यवस्थापन गतिविधि

# सामग्रीहरु हस्तान्तरण




असोज ११ गते । नेपाल रेडक्रस सोसाइटी रुकुम पश्चिम जिल्ला शाखाले विपद् प्रतिकार्यका लागि उद्धार सामग्री हस्तान्तरण गरेको छ। शाखाले जिल्ला तथा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र वडा विपद् व्यवस्थापन समितिलाई सामग्रीहरू हस्तान्तरण गरेको हो।

सानीभेरी गाउँपालिका-४ र त्रिवेणी गाउँपालिका- ९ र १० मा रहेको वडा विपद् व्यवस्थापन समिति, सानीभेरी र त्रिवेणी गाउँपालिकामा रहेका स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र जिल्ला प्रशासन कार्यालयमा र हेको जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई उद्धार सामग्री हस्तान्तरण गरिएको हो।

कर्णाली भूकम्प पुनर्लाभ कार्यक्रमअन्तर्गत रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ आइएफआरसीको आर्थिक सहयोगमा विपद्पश्चात् उद्धारका लागि अत्यावश्यक मानिने विभिन्न २७ प्रकारका सामग्रीहरू उपलब्ध गराइएको छ। नेपाल रेडक्रस सोसाइटी रुकुम पश्चिम जिल्ला शाखाका सभापति रमा गौतमसहित जिल्ला शाखाका पदाधिकारी तथा भूकम्प पुनर्लाभ कार्यक्रमका कर्मचारीहरूले स्थानीस्तरमा पुगी सामग्री हस्तान्तरण गर्नु भएको थियो। जिल्ला प्रशासन कार्यालयमा भएको सामग्री हस्तान्तरण कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले नेपाल रेडक्रसका कार्यहरू प्रशंसनीय रहेको बताउँदै विपद् प्रतिकार्यका लागि महत्वपूर्ण सामग्रीहरू उपलब्ध गराएको बताउनुभयो।

# समुदायमा आधारित आपत्कालीन प्रतिकार्य तालिम सम्पन्न



असोज ६ गते। नेपाल रेडक्रस सोसाइटी सल्यान जिल्ला शाखाको आयोजनामा समुदायमा आधारित आपत्कालीन प्रतिकार्य (सीबीइआरटी) सम्बन्धी ५ दिने तालिम सम्पन्न भएको छ।

रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) को आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको साझेदारीमा नेपाल रेडक्रस सोसाइटी सल्यान जिल्ला शाखामार्फत् सञ्चालित कर्णाली भूकम्प पुर्नलाभ कार्यक्रमअन्तर्गत तालिमको आयोजना गरिएको हो।

तालिममा विपद् प्रतिकार्य तथा आपत्कालीन अवस्थामा सामुदायमा खोज तथा उद्धार गर्ने तरिका, खोज तथा उद्धार मा प्रयोग हुने आवश्यक सामग्रीहरूको बारेमा जानकारी, विपद् प्रतिकार्यका बेला गरिने समन्वय र सञ्चार, सामुदायिक संलग्नता तथा जवाफदेहिता, सामुदायिक अवस्था विश्लेषण, विपद् प्रतिकार्यको नक्साङ्कन, संरक्षण लैगिंकता र समावेशीकरण, उद्धार गर्ने तरिका तथा घाइतेहरूको ओसार पसार लगायतका विषय बस्तुहरूमा आधारित भई तालिम सञ्चालन भएको थियो। सो तालिममा दार्मा गाउँपालिकाका ६ वटा वडाका २४ जनाको सहभागिता रहेको थियो।

# पशुपालनसम्बन्धी तालिम सम्पन्न




नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाको आयोजनामा भेरी नगरपालिका वडा नं. २ र ३ मा पशुपालन सम्बन्धी तालिम सम्पन्न भएको छ।

रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र साझेदार सोसाइटीहरूसँगको सहकार्यमा नेपाल रेडक्रस सोसाइटीबाट सञ्चालित भूकम्प पुर्नलाभ कार्यक्रममार्फत् भूकम्प प्रभावितहरूको आयआर्जनमा सहयोग पुर्‍याउने उद्देश्यले तालिमको आयोजना गरिएको हो।

नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाले स्थानीय पालिका र वडाहरूसँगको समन्वयमा छनौट गरेका भेरी नगरपालिका वडा नं. १, २ र ३ का भूकम्प प्रभावितहरूलाई वित्तिय साक्षरता अभिमुखीकरणमा सहभागी भएपश्चात् सहभागीहरूले छनौट गरेको व्यवसायका आधारमा तालिम सञ्चालन गरिएको छ। वित्तीय साक्षरता अभिमुखीकरणमा २ सय ५० जनाको सहभागिता रहेको थियो।

भेरी नगरपालिकाको वडा नं. १, २ र ३ मा आयआर्जन सम्बन्धी ७ वटा तालिम सञ्चालन हुने छन्। वडा नं. २ र ३ मा सम्पन्न पशुपालन सम्बन्धी तालिममा २६/ २६ जनाको सहभागिता रहेको थियो।



**महिनावारी हुँदा सन्तुलित तथा पौष्टिक खाना खानुका साथै हरियो सागसब्जी, फलफूल, दुध, दही, गेडागुडी तथा पोषणयुक्त खानेकुरा अरु बेलाभन्दा बढी र घरिघरि खानु पर्दछ ।**

# मानवीय पत्रकार च्याम्पियन समूह विषयक अभिमुखीकरण सम्पन्न



नेपाल रेडक्रस सोसाइटीले मानवीय सेवा कार्यसँग सम्बन्धित विषयहरूलाई सञ्चार माध्यममार्फत् प्रचारप्रसारमा ल्याउन मानवीय पत्रकार च्याम्पियन समूह (Humanitarian Journalist Champion Group) विषयक एक दिने अभिमुखीकरण असोज १३ गते काठमाडौंमा सम्पन्न भएको छ ।

राष्ट्रिय पत्रपत्रिका, टीभी, रेडियो एफएम र अनलाइन मिडियाका गरी २२ भन्दा बढी सञ्चार माध्यमका प्रतिनिधिहरूको सहभागिता रहेको यस कार्यक्रमको मुख्य उद्देश्य पत्रकारहरूलाई समाचार, फिचरहरूमा मानवीय पक्षहरूको पहिचान र रिपोर्ट गर्नका लागि क्षमता अभिबृद्धि गर्नु हो । यसले मानवीय प्रयासहरूको सकारात्मक प्रभावहरू समेट्ने र मानवीय गतिविधिहरूलाई आम जनमानमा पुऱ्याउनका लागि प्रवर्धन गर्नेछ र जनतालाई मानवीय सेवाहरूको मूल्यको बुझाइलाई सुधार गर्नेछ ।

कार्यक्रममा बोल्दै नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले मानवीय सेवाकार्यहरू प्रभावकारी बनाउन सञ्चार माध्यमको भूमिका महत्वपूर्ण रहेको बताउँदै मानवीय गतिविधिहरूको सही र सत्य तथ्य सूचना समुदायसम्म पुऱ्याउन पत्रकार च्याम्पियन ग्रुपबाट सहयोग पुग्ने बताउनुभयो ।

सोही अवसरमा सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले सञ्चार माध्यमका प्रतिनिधिहरूबाट प्राप्त रचनात्मक सुझावहरूबाट मानवीय पत्रकार च्याम्पियन ग्रुपको भूमिकालाई प्रभावकारी रूपमा अगाडि बढाउन सहयोग पुग्ने बताउनुभयो । उहाँले यस ग्रुपको क्षमता र सीप अभिबृद्धिका लागि आगामी दिनमा तालिम कार्यक्रमहरूको व्यवस्था गरिने पनि जानकारी गराउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीको मानवीय मूल्य तथा सञ्चार विभागका निर्देशक विपुल न्यौपानेले रेडक्रस अभियानका साथै नेपाल रेडक्रस सोसाइटीको संगठनात्मक संरचना र मुख्य कार्यक्षेत्रहरूको बारेमा संक्षित प्रस्तुतिकरण गर्नुभएको थियो ।

यस्तै सोसाइटीका सामान्य प्रशासन विभागका निर्देशक दिव्यराज पौडेलले सञ्चार माध्यम र नेपाल रेडक्रसको भूमिका सम्बन्धमा खुला छलफलबाट आएका सुझावहरूको साराशं प्रस्तुत गर्नुभएको थियो ।

यस्तै सोसाइटीको विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले विपद्का समयमा मानवीय र भौतिक क्षति कम गर्न पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने बताउँदै यसलाई अझ सुदृढ बनाउन सञ्चार जगतको सहयोग महत्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा सोसाइटीका बरिष्ठ अधिकृत सन्तोष न्यौपानेले मानवीय पत्रकार च्याम्पियन समूहको गठनको उद्देश्य, प्रक्रिया र महत्वका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा मानवीय पत्रकार च्याम्पियन ग्रुपलाई प्रभावकारी बनाउने सम्बन्धमा सहभागी पत्रकारहरूबाट आएका सुझावहरू पनि संकलन गरिएको थियो ।

- रेडक्रस चिन्ह तटस्थ चिन्ह हो ।
- यसले सेनाको चिकित्सा एकाइ र रेडक्रस अभियानका सेवा, व्यक्ति, वस्तु र स्थानलाई सुरक्षा र पहिचान दिन्छ ।
- यो स्वास्थ्य वा चिकित्सा सेवाको चिन्ह होइन ।
- यसको प्रयोग राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनबमोजिम हुन्छ ।
- यस चिन्हको सदुपयोग सुनिश्चित गर्ने जिम्मेवारी जेनेभा महासन्धिमा हस्ताक्षर गर्ने सबै देशका सरकारहरूको हो ।

# नेरेसोले ज्येष्ठ नागरिकसम्बन्धी सवाललाई स्वास्थ्य नीतिमा समावेश गरी एउटा महत्वपूर्ण कार्यक्रमको रूपमा लिएको छ ।

**- बालकृष्ण सेढाइ, उपनिर्देशक, नेरेसो स्वास्थय सेवा विभाग**

*हरेक वर्ष अक्टोबर १ तारिखलाई ज्येष्ठ नागरिक दिवसको रूपमा मनाइन्छ । यस वर्ष "सम्मानित बुढ्यौली, विश्वव्यापी रूपमा स्याहार तथा सहयोग पद्धतिको सबलीकरण" भन्ने नाराका साथ विश्वभर ३४औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस असोज १५ गते नेपालमा पनि विविध चेतनामूलक कार्यक्रमहरूको आयोजना गरी मनाइएको छ । यो दिवसको महत्व र ज्येष्ठ नागरिकका सवालमा नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गरेका गतिविधिहरूको सम्बन्धमा सोसाइटीको स्वास्थ्य सेवा विभागका उपनिर्देशक बालकृष्ण सेढाइसँग सञ्चार अधिकृत कृष्ण नेपालले गर्नुभएको कुराकानीको सार संक्षेप :*

## नेपालमा ज्येष्ठ नागरिकको अवस्था कस्तो छ ?

अहिले मानिसको आयु उल्लेखनीय रूपमा बढोत्तरी हुँदै गइरहेको छ। जन्मने दरभन्दा ज्येष्ठ नागरिकहरूको संख्या बृद्धि भइरहेको देखिन्छ । पाँच वर्षको अवधिमा जति बच्चाहरू जन्मन्छन् त्यसको दोब्बर ज्येष्ठ नागरिकहरूको बढोत्तरी भएको छ। यसरी बृद्धि भएसँगै नेपालमा र विश्वमा पनि ज्येष्ठ नागरिकसँग सम्बन्धित स्वास्थ्य सेवामा एक किसिमको दवाव पर्दै गएको छ। अर्को कुरा सामाजिक जीवनमा ज्येष्ठ नागरिकहरूलाई दिनुपर्ने सेवा, सुविधाहरूहरूतर्फ पनि दवाव पर्दै गयो । समग्र विकासको संरचना अब ज्येष्ठ नागरिकमैत्री बनाउँदै नलैजाने हो भने आगामी दिनमा राज्य, समुदाय र विश्वले ज्येष्ठ नागरिकबाट लिने सेवाहरूका कुरामा पनि हामी पछि पर्दै जाने अवस्था आउँछ । यस परिदृष्यलाई ख्याल गरेर संयुक्त राष्ट्रसंघले विभिन्न आठ वटा क्षेत्रहरूमा काम गर्ने भनेर एज फ्रेण्डली सिटी फ्रेमवर्क सिफारिस गरेको छ।

हाम्रो देशमा पनि नेपाल सरकारले यिनै कुराहरूलाई सम्बोधन गर्दै लगेको देखिन्छ। जस्तैः ज्येष्ठ नागरिक भत्ता, बिमा, सार्वजनिक गाडी लगायतका दिइने छुटलाई अगाडि बढाएको छ। तर त्यतिले मात्र पुग्ने अवस्था देखिँदैन । सन् १९५० का बेलाभन्दा औसत आयुमा २५ प्रतिशतले बढोत्तरी भएको आजको अवस्थामा ज्येष्ठ नागरिकका विषयमा विभिन्न आयामहरूलाई सम्बोधन गर्नुपर्ने अवस्था देखिएको छ । नेपाल रेडक्रस सोसाइटीले पनि एज फ्रेण्डली सिटी फ्रेमवर्क अन्तर्गत रहेर विभिन्न स्थानीय निकायहरूसँगको समन्वयमा ज्येष्ठ नागरिकमैत्री गतिविधिहरू शुरु गरेको छ।

## विभिन्न विपद्का अवस्थामा काम गर्ने नेपाल रेडक्रस सोसाइटीले ज्येष्ठ नागरिकका सवालमा किन र कसरी काम गर्दैछ ?

यो महत्वपूर्ण प्रश्न हो। ज्येष्ठ नागरिकको सवाललाई सम्बोधन गरेर अगाडि बढ्ने क्रममा नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गर्ने रक्तदान र एम्बुलेन्स लगायतका नियमित सेवाहरूका साथै विपद् प्रतिकार्यसम्बन्धी आकस्मिक सेवाहरूमा पनि ज्येष्ठ नागरिकहरूलाई कसरी सम्बोधन गरिएको छ ? भनेर हामीले एउटा आन्तरिक सर्वेक्षण गरेका थियौं। त्यो सर्वेक्षणमा के देखियो भने, नेरेसोले सञ्चालन गरेका सबै गतिविधिहरूमा ज्येष्ठ नागरिकहरूलाई कुनै न कुनै रूपमा सम्बोधन गरिएको देखियो तर अप्रत्यक्ष रूपमा। यससम्बन्धी गतिविधिहरूलाई प्रत्यक्ष रूपमै अगाडि बढाउनुपर्छ भन्ने छलफल भयो। रेडक्रसको अन्तर्राष्ट्रिय महासंघले र युरोपियन राष्ट्रिय सोसाइटीहरूले पनि ज्येष्ठ नागरिकका क्षेत्रमा काम गरिरहेको देखियो । हामीले स्विस रेडक्रससँग यस विषयमा छलफल अगाडि बढायौं। स्विस रेडक्रसले पनि एउटा प्रमुख कार्यक्रमको रूपमा ज्येष्ठ नागरिकसम्बन्धी कार्यक्रम चलाएको रहेछ । स्विस रेडक्रसले यस क्षेत्रमा केही प्राविधिक र आर्थिक रूपमा सहयोग गर्न तयार भएको जनाएपछि भक्तपुरको सूर्यविनायक नगरपालिका-१ को बालकोटमा ज्येष्ठ नागरिकसम्बन्धी एकवर्षे कार्यक्रम कार्यान्वयन गरिएको थियो। यो कार्यक्रम नेपाल रेडक्रस सोसाइटीले स्थानीय वडा र नगरपालिकासँग सहकार्य गरी सञ्चालन गरेको थियो । कार्यक्रमको प्रभाव राम्रो देखिएपछि यसलाई औपचारिक रूपमै अगाडि बढाउन नेपाल रेडक्रसको स्वास्थ्य सेवा नीति २०२२ मा परिमार्जन गरी ज्येष्ठ नागरिकसम्बन्धी कार्यक्रमलाई एउटा महत्वपूर्ण कार्यक्रमको रूपमा समावेश गरिएको छ । सोही नीतिमा आधारित भएर ज्येष्ठ नागरिकसम्बन्धी एउटा निर्देशिका नै तयार गरिएको छ। यो निर्देशिकाले नेपाल रेडक्रसका केन्द्र, प्रदेश, शाखा र उपशाखा लगायतका सम्पूर्ण निकायहरूलाई ज्येष्ठ नागरिकका सवालमा सञ्चालन गर्ने गतिविधिहरू र यसको ढाँचा सहित कार्यक्रमहरूलाई दिशानिर्देश गरेको छ ।

> एज फ्रेण्डली सिटी फ्रेमवर्कअन्तर्गत विभिन्न आठ वटा क्षेत्रलाई अगाडि बढाउने नीति रहेको छ । ज्येष्ठ नागरिकहरुको सामाजिक सहायता प्रणालीलाई सुदृढ बनाउन परम्परागत रुपमा रहेका पाटीपौवालाई ज्येष्ठ नागरिक मिलन केन्द्रको रुपमा विकास गर्ने, ज्येष्ठ नागरिक मैत्री घर बनाउने, ज्येष्ठ नागरिकको ज्ञान र सीपलाई आगामी सन्ततीहरुमा हस्तान्तरण गर्ने, सार्वजनिक यातायातमा छुट र विशेष सीटको व्यवस्था गर्ने, ज्येष्ठ नागरिक मैत्री स्वास्थ्य सुविधाका साथै पुलपुलेसाजस्ता भौतिक संरचनाहरु ज्येष्ठ नागरिक मैत्री बनाउने लगायत रहेका छन् ।



यसअघि सञ्चालन गरिएको कार्यक्रमको अनुभव र सिकाई समेतका आधारमा हामीले स्विस रेडक्रससँग सहकार्य गरेर भक्तपुरकै चाँगुनारायण नगरपालिकाका नौ वटै वडाहरूलाई समेटेर एउटा नमूना कार्यक्रम सञ्चालन गर्ने सम्झौता भएको छ। पहिलो पटक स्थानीय पालिकाको ६० प्रतिशत र नेपाल रेडक्रसको ४० प्रतिशत आर्थिक दायित्व रहने गरी साझेदारीमा सन् २०२४ देखि तीन वर्षे नमूना कार्यक्रम सञ्चालन हुँदैछ।

## अन्य जिल्लाहरुमा यस कार्यक्रमको माग र आगामी कार्य योजना कस्तो छ ?

नेपाल रेडक्रस सोसाइटीको भक्तपुर जिल्ला शाखामार्फत् चाँगुनारायण नगरपालिकामा नमूनाको रूपमा ज्येष्ठ नागरिकसम्बन्धी कार्यक्रम शुरु हुँदै गर्दा छिमेकी नगरपालिकाहरूले आफनो नगर पालिकामा पनि यो कार्यक्रम सञ्चालन गर्नु पर्यो भनेर अनुरोध गरिरहनुभएको छ । यो नेपालमै नौलो कार्यक्रम छ। एक वर्ष जति यो कार्यक्रमको प्रभाव हेरौ यसको सिकाइबाट अझै परिस्कृत हुन सहयोग पुग्नेछ र अन्य नगरपालिकाहरूमा

**नियमित रुपमा रक्तचाप जाँच गराऔं । उच्च रक्तचाप देखिए चिकित्सकको सल्लाहअनुसार नियमित रुपमा नछुटाईकन औषधिको सेवन गरौं ।**



असोजको ११ र १२ गते आएको बाढीपहिरोबाट प्रभावित काभ्रेको एक बस्ती ।



बाढी प्रभावित क्षेत्रमा क्षतिको विवरण संकलन गरिँदै ।



बाढी प्रभावित क्षेत्रमा लाभग्राही सहयोगी कक्ष स्थापना ।

आपत्कालीन र अन्य समयमा रेडक्रसबाट सहयोग र सल्लाह पाउनका लागि सम्पर्क गर्नुहोस् ।

यो नम्बरमा नेपाल टेलिकम र एनसेलबाट फोन गर्दा पैसा लाग्दैन ।

११३०

नेपाल रेडक्रस सोसाइटी